**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २५ अगस्त २०२३

समयः १८:५० - १९:०० बजे

**<u>प्रमुख समाचार</u>**

१. आज देश विदेशमा श्रीकृष्ण जन्माष्टमी भक्तिभावको साथमा भव्य रुपमा पालन भइरहेको छ। यस शुभ अवसरमा सिलगढीको इस्कॉन मन्दिरलगायत दार्जिलिङ पहाडका विभिन्न स्थानहरूमा पनि जन्माष्टमी भव्य रुपमा मनाइरहेको छ।

२. भोली २७ अगस्त आवहान गरिएको 'नवान्न सम्म रैली' लाई मध्यनजर राख्दै बंगाल सरकारले राज्य सचिवालय अनि यसको वरिपरि कड़ा सूरक्षा व्यवस्था गरिरहेको छ।

३. नेपाली संगीतका विशिष्ट हस्ती गोपाल योञ्जनको जन्मोत्सव मिरिकमा सभ्य अनि भव्य रुपमा पालन गरियो

४. दुरदर्शन केन्द्र जलपाईगुड़ीले प्रशारण गरिरहेको नेपाली भाषाको कायक्रम सप्तरङ्गीले आगामी २७ अगस्त २०२४ मा एक सय श्रृंखला पुरा गर्नेछ।

५. मौसम विभागले आज बंगालको खाड़ीको उत्तरी भागमा भारी वर्षा हुने सम्भावना व्यक्त गरेको छ। साथै आगामी तीन दिन सम्म मध्य प्रदेशए राजस्थान, गुजरात, महाराष्ट्र र गोवामा मूसलधारे वर्षा हुने अनुमान व्यक्त गरेकोछ।

**<u>श्रीकृष्ण जन्माष्टमी</u>**

आज देश विदेशमा श्रीकृष्ण जन्माष्टमी भक्तिभावको साथमा भव्य रुपमा पालन भइरहेको छ। यस शुभ अवसरमा सिलगढीको इस्कॉन मन्दिरमा भगवान कृष्ण जन्माष्टमी भव्य रुपमा  मनाइ रहेको छ। बिहान 4.30 बजे मंगल आरतीबाट पूजा आरम्भ भएको थियो भने बिहानैदेखि मन्दिर परिसरमा भक्तजनको घुइँचो लागेको छ। जन्माष्टमीको अवसरमा सिलगढी इस्कॉन मन्दिरले तीन दिने कार्यक्रमको आयोजना गरेको छ। साथै मन्दिर परिसरलाई पनि सुन्दर ढंगले सजाइएको छ।  मन्दिरका जनसम्पर्क अधिकृत नमोकृष्ण दासले बिहानैदेखि भक्तजनको घुइँचो लागेको बताउनुहुँदै साँझको आरतीको समयमा विश्वशान्ति यज्ञ हुने अनि राति दश बजे महाभिषेक गरिने छ। भगवानलाई विभिन्न तीर्थस्थलबाट पानी, फलफूलको रस, घ्यू र महले अभिषेक गरिने छ। यस बाहेक चित्रकला प्रतियोगिता, प्रश्नोत्तरी लगायतका धेरै कार्यक्रमहरु आयोजना गरिएको छ।यसैगरी दार्जिलिङका सांसद राजु विष्टले पनि आफ्नो सामाजिक सञ्जाल पोष्ट मार्फत सम्पूर्णमा श्रीकृष्ण जन्माष्टमीको शुभकामना दिनुभएको छ।

जीटीएका प्रमुख कार्यपाल अनित थापाले आफ्नो सामाजिक सञ्जाल पोष्टमार्फत सम्पूर्ण श्रद्धालुहरूमा श्रीकृष्ण जन्माष्टमीको हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। उहाँले श्रीकृष्णको अपरम्पार प्रेम अनि आशिष सम्पूर्णको परिवारमा बास गरोस् भनी शुभकामना व्यक्त गर्नुभएको छ।सिलगढी, दार्जिलिङ, खरसाङ बजार, लगायत पहाडका विभिन्न स्थानहरूमा आज जन्माष्टमीको अवसरमा धार्मिक शोभायात्रा निकाल्नुको साथै विभिन्न मन्दिरहरूमा श्रद्धाभक्तिको साथमा जन्माष्टमी पालन भइरहेको छ। मङ्पूको रेसेप विभाग स्थीत श्रीकृष्ण प्रणामी गीता मन्दिरमा पनि श्रीकृष्ण प्रकाट्य महोत्सव भव्यताको साथ पालन भइरहेको छ।

****** ० ******

**विदेश जन्माष्टमी**

नेपालका राष्ट्रपति रामचन्द्र पौडेलले ललितपुरको पाटनस्थित कृष्ण मन्दिरमा दर्शन गरी पूजाआराधना गर्नुभएको छ। उहाँले श्रीकृष्ण जन्माष्टमी पर्वका अवसरमा पाटन दरबारस्थित कृष्णमन्दिर पुगेर भगवान् श्रीकृष्णको पूजाआराधना गरी पुजारीबाट फूल प्रसाद ग्रहण गर्नुभयो।यता भुटानको हिन्दु धर्म समुदाय मन्दिर कार्यसमितिले आज कुन्सेलफोद्राङको देवी पञ्चायन मन्दिरमा कृष्ण

जन्माष्टमी हर्षोल्लासका साथ मनाइरहेको छ। यस पवित्र पर्व भगवान कृष्णको दिव्य जन्म अनि भक्तिको आनन्दको प्रतीक रहेको समितिले बताएको छ।यसैगरी बंगलादेशमा राजनीतिक अस्थिरता र पछिल्लो समय हिन्दुमाथिको हिंसा र उत्पीडनका बाबजुद पनि बंगलादेशका विभिन्न क्षेत्रका अल्पसंख्यक हिन्दुहरूले आज जन्माष्टमी पर्व मनाउँदैछन्।

****** ० ******

**नवान्न रैली**

भोली २७ अगस्त हुने एक अज्ञात संगठनद्वारा आवहान गरिएको 'नवान्न सम्म रैली' लाई मध्यसनजर राख्दै बंगाल सरकारले राज्य सचिवालय अनि यसको वरिपरि कड़ा सूरक्षा व्यवस्था गरिरहेको छ। पश्चिम बंगाल छात्र समाज द्वारा आवहान गरिएको विरोध सरैलीमा भाग लिने मानिसहरूको सही अड़कल नभएको हुनाले सुरक्षा अझ कठोर गरिएको अधिकारीहरूले जनाएको छ। राज्य सरकारले पुलिस अधीक्षक , पुलिस आयुक्त अनि पुलिस उपायुक्त रैंकका १३ अधिकारीहरू अनि अतिरिक्त एस.पी रैंकको १५ अधिकारीहरूको मांग गरेको छ। यी सबै अधिकारीहरूलाई राज्य सचिवालय अनि यसको वरिपरि तैनात गरिएको छ। यसै बीच आर.जी.कर मेडिकल कॉलेज र अस्पतालको एउटी महिला प्रशिक्षु डॉक्टर सित दुष्कर्म र हत्याको विरोधमा कनिष्ठ डॉक्टरहरूको हड़ताल जारी रहनाले कारण पश्चिम बंगालका सरकारी अस्पतालहरूमा स्वास्थ्य सेवाहरू निकै बाधित भएका छन्। पश्चिम बंगालका कनिष्ठ डॉक्टरहरूको टीम यस मामिलाको अपराधीहरू विरूद्द उचित जांच अनि कठोर दण्डको माग गरि रहेका छन्।

****** ० ******

**मिरिक गोपाल योञ्जन जन्मोत्सव**

नेपाली संगीतका विशिष्ट हस्ती गोपाल योञ्जनको जन्मोत्सव मिरिकमा सभ्य अनि भव्य रुपमा पालन गरियो। गोपाल योञ्जन प्रतिष्ठान मिरिकको आयोजनामा सम्पन्न अनुष्ठानमा अन्तर विद्यालय गोपाल गायन प्रतियोगिता सम्पन्न भयो जसमा अघिल्लो चरणमा छानिएका शिर्ष सात प्रतियोगीहरूले गोपाल योञ्जनद्वारा संगीतबद्ध गीतहरु प्रस्तुत गरे। प्रतियोगिताको बिजेताले 10 हजार रुपियाँ नगदसहित प्रमाणपत्र प्राप्त गरे भने दोस्रो अनि तेस्रो हुने प्रतियोगीले क्रमशः सात अनि पाँच हजार नगदराशी पुरस्कार स्वरुप प्राप्त गरे। समारोहमा प्रमुख अतिथिका रुपमा जीटीए सभाका सुचना तथा सांस्कृतिक विभागका भारप्राप्त सभासद अनोस थापाको उपस्थिति रहेको थियो भने स्थानीय सभासद मिलेश राई, मिरिकका जनसम्पर्क अधिकारी विवेक गोलेसहित मिरिक क्षेत्रका बुद्धिजीवी तथा संगीत साधकहरूको पनि समारोहमा सहभागिता रहेको थियो। व्याग्येकार गोपाल योञ्जन प्रेक्षागृहमा भएको मुल कार्यक्रम अघि मिरिक एडिटोरियममा अवस्थित गोपाल योञ्जनको शालिगमा पुष्पाञ्जलि अर्पण गरिएको थियो। समारोहमा व्याग्येकार गोपाल योञ्जनमाथि वार्तासमेत प्रस्तुत गरिएको थियो।

****** ० ******

**सप्तरंगी कार्यक्रम**

दुरदर्शन केन्द्र जलपाईगुड़ी जुन सिलगड़ीदेखि लगभग ६ किलोमिटर टाड़ोमा अवस्थित छ। यस केन्द्रमा नेपाली भाषाको कार्यक्रमहरू पनि प्रसारण हुने गर्दछ। ड़ी. ड़ी बंगला दुरदर्शनमा प्रत्येक मंगलबार बिहान १०.०० बजेदेखि १० बजेर ३० मिनटसम्म अनि पुनः आईतबार राति १० बजेर ३० मिनटदेखि ११.०० बजेसम्म प्रसारण हुने दर्शकहरूको अतिप्रिय कार्यक्रम 'सप्त रंगी' ले आगामी २७ अगस्त २०२४ मा एक सय श्रृंखला पुरा गर्नेछ। यस कुरोको जानकारी दुरदर्शन केन्द्र जलपाईगगुड़ी एवं आकाशवाणी सिलगड़ीका कार्यक्रम प्रमुख श्री येगेन्द्र राज सुन्दासले गराएका छन्। श्री सुन्दासका अथक प्रयासमा गत ६ अगस्त २०२२ देखि 'सप्तरंगी कार्यक्रम शुरू गरिएको थियो। श्री सुन्दासले जनाए अनुसार आगामी दिनहरूमा यस 'सप्त रंगी' कार्यक्रममा गीत संगीतको अतिरिक्त साहित्यिक ,सांस्कृतिक , लधु नाटक एवं चाखलाग्दा वार्ता एवं परिचर्चाहरू प्रसारण गरिनेछ तथा कार्यक्रमाको प्रसारण अवधि पनि आधा घण्टा को सट्टा एक घण्टा बनाउनेयोजना रहेको छ। स्मरण गराइन्छ कि सप्तरंगीसा कार्यक्रमा वर्तमान समयमा नेपाली भाषामा लोक अनि आधुनिक गीतहरू मात्र प्रसारण भ्इरहेको छ। यस कार्यक्रम मार्फत क्षेत्रिय नेपाली भाषी कलाकारहरूले आफ्ना प्रतिभा विश्वभरि छरिएर बसेका नेपालीहरूमाझि देखाउन पाईरहेका छन्। उल्लेखनीय छ कि देश-विदेश अमेरिका , लण्डन, मलेरिया, सिंगापुर, भेटान, नेपालाबाट पनि यस कार्यक्रमले प्रशंसा संगै प्रतिक्रियाहरू आईरहेका छन्। जलपाईगुड़ी दूरदर्शन मार्फत गरिने यो कार्यक्रम तयार पारेर सम्प्रेम गर्दछ र टि. भी चैनल को माध्यमद्वारा देश-विदेशका दर्शकहरूका सौ यो यु-टयुबमा पनि हेर्न सकिन्छ।आउँदो २७ अगस्त २०२४ को दिन सप्तरंगी कार्यक्रमको एकसय श्रृंखला पूरा भएको सुखद अवसरमा सप्तरंगीको प्रसारण अवधि आधा घण्टाको सट्टा एक

घण्टा हुनेछ अनियो प्रसारण मंगलबार बिहान ६ बजेर ३० मिनट देख १० बजेर ३० मिनटसम्म अनि पुनः आईतबार राति १० बजेर ३० मिनटसम्म हुने जानकारी कार्यक्रम प्रमुख योगेन्द्र राज सुन्दासले गराएका छन्।

****** ० ******

**खरसांग ( सुबेदार बस्ती) जन्म अष्टमी**

खरसांगको ग्राम सुधार समिति द्वारा सुबेदार बस्तीको असयोजनामा आज श्री कृष्ण जन्म अष्टमी साथै समितिको ७८ औं स्थापना दिवस समारोह भव्यरूपमा गरिरहेछ। ग्राम सुधार समिति सुबेदार बस्तीको स्थापाना विसको यस सअवसरमा साना -साना नानीहरूलाई लिएर ' बस नि चित्र बनाउ' प्रतियोगिता आयोजित गरिएको थियो। नृत्य प्रतियोगिता समाजका विसरष्ट व्याक्तिहरूलाई सम्मान कार्यक्रम सहित सांगीतिक रंगारंग कार्यक्रम पनि अयोजित हुनेछ। जसमा गायिका सुरक्षा संचुरी र हालैमा नेपालको रियालिटी शो, भोइस अफ किड्स सिजन तीनको फाइनलसम्म पुगेका प्रतिभा शाली नानी आयुष लामालाई सम्मान जनाइने भएको जानकारी प्राप्त भएको छ। अजा राति भरिनै कृष्ण जन्म अष्टिमीको पावन अवसरमा भजन , कीर्तन गरिने जानकारी पनि प्राप्त भएको छ।

****** ० ******

**मौसम**

मौसम विभागले आगामी तीन दिन सम्म मध्य प्रदेश, राजस्थान, गुजरात, महाराष्ट्र र गोवामा मूसलधारे वर्षा हुने अनुमान व्यक्त गरेकोछ। मध्य प्रदेशका पश्चिमी भागहरूमा पनि आज तेज़ वर्षा हुने संभावना छ। आउने तीन दिन सम्म पूर्वी र दक्षिणी राजस्थान, गुजरातको सौराष्ट्र अनि कच्छमा पनि ऐस्तै स्थिति बनीरहने अनुमान व्यक्त गरिएकोछ। कोंकण, गोवा, मध्य महाराष्ट्र, ओडिशा, गांगेय पश्चिम बंगाल र झारखंडमा पनि आगामी दुई दिन सम्म मूसलधारे वर्षा हुने संभावना छ। मौसम विभागले आज बंगालको खाड़ीको उत्तरी भागमा भारी वर्षा हुने संभावना व्यक्त गरेकोछ। मछुआहरूलाई 30 अगस्त सम्म अरब सागर, बंगालको खाड़ी अनि विशेषगरि गुजरात अनि महाराष्ट्रको तटीय इलाकाहरूमा ना जाने सल्ला दिएकोछ।

****** ० ******

**बन्दे भारत**

भारतीय रेलवेको पहिलो वन्दे भारत स्लीपर ट्रेन यस वर्षको अन्त्य सम्म संचालन हुने आशा गरिएको छ। वन्दे भारत स्लीपर ट्रेनको पहिलो रेल गुजरातमा संचालन हुने बताईएको छ। यद्यपि आधिकारिक रूपमा यसो स्पष्ट छैन। वन्दे भारतको पहिलो स्लीपर ट्रेनल सेप्टेम्बर २० सम्म बेंगलुरूको भारत अर्थ मुभर्स लिमिटेड प्लान्ट बाट प्रस्तान गरिन अपेक्षा गरिएको छ। एक वा दुइ महिनासम्म उच्च गतिको रेलको ट्रायल उत्तर पश्चिम रेलवे जोनमा हुने संभावना व्यक्त गर्नुहुँदै इन्टिग्रल कोच फयाक्ट्री चैन्नईका महाप्रबन्धक यू सुब्बा रावले भारतीय रेलवेले आफ्ना यात्रुहरूलाई बवन्देभारत स्लीपरमा युरोपमा नाइटजेट स्लीपर ट्रेनहरू जस्तै रातभरको यात्राहरूमा विश्व स्तरीय यात्रा अनुभव प्रदान गर्ने योजना बनाएको बताउनुभयो

****** ० ******